# दुग्ध विकास संस्थान

**केन्द्रीय कार्यालय, लैनचौर**

## मखन र धुलो दूध (स्कीम्ड मिल्क पाउडर) बिक्रीको सिलबन्दी प्रस्ताव आह्वानको सूचना

***(गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०८१।०२।१८)***

दुग्ध विकास संस्थानबाट उत्पादित तपशिलको स्पेशिफिकेशन बमोजिमको १५ के.जी.ब्लकको खुला मखन (२०० मे.टन र २५ के.जी. व्यागको स्कीम्ड मिल्क पाउडर (धुलो दूध) (३०० मे.टन बिक्री गर्नु परेकोले प्रति के.जी. के कति मूल्यमा खरीद गर्न सकिन्छ, ईच्छुक फर्म, संस्था, कम्पनी वा व्यक्तिले निम्न शर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिनभित्र अर्थात् २०८१।०२।२४ गते कार्यालय समयभित्रमा निम्न ठेगानामा सिलबन्दी प्रस्ताव पेश गर्न हुन जानकारी गराईन्छ। विस्तृत जानकारीको लागि कार्यालय समयभित्रमा सम्पर्क राख्न सकिनेछ :-

***दुग्ध विकास संस्थान ,केन्द्रीय कार्यालय, लैनचौर***

***सम्पर्क नं.४-५१३६९६, ४-५१०४८९, ४-५१४८४१***

***सम्पर्क पदाधिकारी : श्री अन्जन अधिकारी, योजना जनशक्ति तथा बजार व्यवस्थापन विभाग***

***(मोबाईल नं.  ९८५११४३९८२)***

**(क) खुल्ला मखनको स्पेशिफिकेशन :**

धृतांश :- ८०% (न्युनतम)

जलांश :- १८ % (अधिकतम)

**(ख) स्कीम मिल्क पाउडरको स्पेशिफिकेशन :**

धृतांश :- १.५% (अधिकतम)

जलांश :- ५% (अधिकतम)

**शर्तहरु :-**

१. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा खरीद गर्न चाहेको खुल्ला मखन/धुलो दूध परिमाणको प्रति के.जी. मूल्य मु.अ.कर समेत प्रस्तावमा उल्लेख गनुपर्नेछ।

२. प्रस्तावदाताले कबोल गरेको जम्मा मूल्यको १ प्रतिशतले हुने रकम धरौटी वापत यस संस्थानको हिमालयन बैंक लिमीटेड, ठमेलमा रहेको खाता च.हि.नं. ०१९०००४०९२००२६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक ड्राफ्ट वा ३० दिन म्याद रहेको बैंक ग्यारेण्टी प्रस्ताव साथ पेश गर्नुपर्नेछ।

३. प्रस्तावदाताले प्रस्तावसाथ फर्म, संस्था वा कम्पनी भए फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नं.दर्ता प्रमाणपत्रको प्रतिलिपी र व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

४. प्रस्तावदाताले प्रस्ताव स्वीकृतीको जानकारी पाएपछि आफूले खरीदको लागि प्रस्तावमा कबोल गरेको सम्पूर्ण मखन वा धुलो दूध परिमाण प्रस्तावमा कबोल गरेको दर रेट बमोजिमको रकम संस्थानमा नगदै दाखिला गरि बढीमा १५ दिनभित्रमा आफैले ढुवानी गरि लग्नुपर्नेछ। उक्त अवधिभित्र नलगी सामान बिग्रन गएमा वा कुनै किसिमको हानी नोक्सानी हुन गएमा संस्थान जिम्मेवार हुने छैन। साथै तोकिएको अवधिभित्रमा कबोल गरेको सामान नलगेमा उक्त धरौटी समेत जफत गरिनेछ।

५. प्रस्तावदाताले उक्त मखन/धुलो दूध निर्यात गर्न चाहेमा सोको लागि संस्थानले सम्बन्धित निकायमा सिफारीस गरि दिन सक्नेछ र अन्य आवश्यक पर्ने कागजातहरुको व्यवस्था प्रस्तावदाता स्वयंमले गर्नुपर्नेछ।

६. प्राप्त हुन आएका प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार संस्थानमा निहित रहनेछ।

७. यो सूचना यस संस्थानको Website: ddc.gov.np मा हेर्न सकिनेछ।